# सिकाइ उपलब्धिमा शैक्षिक सामग्रीको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह एम.एड.दोस्रो
वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र

**प्रस्तुतकर्ता**

मुनादेवी चौलागाई

क्याम्पस रोल नं. : २९९

परीक्षा रोल नं. : २१४००९२

त्रि.वि. दर्ता नं. : ३३८६२-८९

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ

माघ, २०६८

सिकाइ उपलब्धिमा शैक्षिक सामग्रीको प्रभाव मुनादेवी चौलागाई शैक्षिक योजना तथा व्यवस्थापन विभाग २०६८

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय अन्तरगत शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरूका लागि कुनै एउटा शीर्षकमा अध्ययन अनुसन्धान गरी वास्तविक रुपले तथ्याङ्क संङ्लग्न गराई शोध पत्र तयार गर्न अनिवार्य रहेको छ । कुनै पनि विषय माथि गरिने अध्ययन अनुसन्धानका लागि अरुको सहयोग अत्यन्त महत्त्वपूर्ण हुँदो रहेछ । सर्वप्रथम त श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ्गका क्याम्पस प्रमुख लगायत श्रद्धेय गुरुवर्गमा प्राध्यापक, उपप्रध्यापक, सहायक प्राध्यापक र विभिन्न कविभागमा रहनु भएका कर्मचारीहरूप्रति सहयोगको लागि हार्दिक आभार व्यक्त गर्न चाहान्छु । त्यस्तै गरी प्रस्तुत अध्ययन प्रतिवेदन लेखनका लागि मार्गनिर्देशकमा रही मलाई सुझाव र सहयोग पुऱ्याई दिनुहुने श्रद्धेय गुरु खगेन्द्रप्रसाद लुइटेल एवम् शैक्षिक योजना व्यवस्थापन विभागका विभागीय प्रमुख उपप्राध्यापक श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रतिक हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधपत्र तयार गर्नका लागि मलाई निरन्तर सहयोग सल्लाह दिनु हुने र आवश्यक सामग्री समेत उपलब्ध गराइदिनु हुने सुकुना बहुमुखी क्याम्पसका कर्मचारी एवं सहकर्मी मित्र श्री देवराज गिरी ज्यू प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहान्छु । त्यसै गरी विभिन्न विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवम् सदस्यहरूले मौखिक रुपमा तथ्यांक संकलन गर्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । नमूना छनौटमा रहेका विद्यालयका प्रधानाध्यापक ज्यूहरूले तथ्यांक संकलनका लागि गर्नु भएको सहयोग र शिक्षकहरूले प्रश्नावली भरिदिइ अध्ययनलाई सफल पारी दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दै यस शोधपत्रलाई पूर्णता प्रदान गर्नका लागि सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यस प्रतिवेदन लेखनमा सहयोग एवम् सुझाव सल्लाह दिनु हुने मेरा जीवनसाथी प्राध्यापक रामकुमार थापा, श्रद्धेय गुरु, अन्य शिक्षण प्रेमी लगायत तथ्यांक संकलनमा सहयोग गर्नु हुने विभिन्न विद्यालय परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस शोधपत्रको भाषा शुद्धीकरण गरी कम्प्युटर टाईप गरेर सहयोग गर्नु हुने होराइजन कम्प्युटर सेन्टर खोर्सानेका प्रोपाइटर श्री अश्विनप्रसाद उप्रेतीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

मुनादेवी चौलागाई

# शोधसार


यस शोधपत्रमा रहेका विषय **"सिकाइ उपलब्धिमा शैक्षिक सामग्रीको प्रभाव"** हो । यसले शिक्षाको क्षेत्रमा युगान्तकारी परिवर्तन गरेर शैक्षिक विकासमा सुधार भएको छ । शैक्षिक पक्षको सुधार गर्नका लागि शैक्षिक सामग्रीको प्रयोग गर्न अपरिहार्य छ । जसले गर्दा यस शोधपत्रको अध्ययन गर्नको प्रमुख उद्देश्य शैक्षिक सामग्रीको प्रयोग, शैक्षिक सामग्रीको प्रभावकारिता र शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या तथा प्रयोग हुन नसक्नुका कारणहरू पहिचान गरी समाधानका निम्ति उपायहरू बताइदिनु रहेको छ ।

यस शोधपत्र तयार गर्नका लागि विद्यालयका अभिलेखबाट परिमाणात्मक तथ्यांकहरू संकलन गरिएका छन् । भद्रपुर नगरपालिका र आसपासका गा.वि.स. अन्तर्गतका २ वटा विद्यालयहरू अध्ययनको विषयवस्तु बनाइएको छ । जुन विद्यालयका प्र.अ. २ जना, शिक्षक ४ जना, वि.व्य.स. २ जना, अभिभावक २ जना र विद्यार्थी ८ जनालाई छनौट गर्नका लागि सम्भावना युक्त विधि अपनाइएको छ । उक्त छनौटमा रहेका जनसंख्याद्धारा तथ्याङ्क संकलन गर्न साधनको रुपमा प्रश्नावली तयार पारी प्रयोग गरिएको छ । शोधपत्रलाई प्रभावकारी पार्नको लागि शोधकर्ता स्वयम् प्रत्यक्ष विदालयमा गएर विद्यालयका अभिलेखहरू र प्रत्यक्ष अन्तर्वाताको माधयमबाट तथ्याङ्कहरू संकलन गरी विश्लेषण गरिएको छ । विद्यालयमा विषय अनुसारको शैक्षिक सामग्री, सन्दर्भ सामग्री उपलब्ध भए विद्यार्थीहरूको नियमितता, उत्सुकता र शिक्षकहरूको कार्यकुशलतामा समेत प्रभाव पारेको हुन्छ । समग्रमा भन्दा शैक्षिक सामग्रीको प्रयोग सही ढंगले हुँदा सिकाई दिगो हुने हुँदा शिक्षण कार्य प्रभावकारी हुने कुरा बताएको छ । त्यस्तै गरी समय सान्दर्भिक शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने तालीमको व्यवस्था हुने तर उक्त तालिममा सिकेका सीप क्षमतालाई व्यवहारमा प्रयोग नगर्ने पाइएको छ ।

यस शोधपत्रको लागि अध्ययन अनुसन्धान गर्दा देखिएका समस्याहरूलाई सुझावका लागि केही कुरा उल्लेख गरिएका छन् । जस अन्तर्गत प्रत्येक विदालयमा शैक्षिक सामग्रीको प्रयोग सुव्यवस्था हुनुपर्ने, विषयवस्तुमा आधारित एवम् विद्यार्थीहरूको स्तर, उमेर मिल्दो शैक्षिक

सामग्रीको व्यवस्थापन हुनुपर्ने शैक्षिक सामग्री निर्माण तथा संकलन गर्ने कार्यको व्यवस्था हुनुपर्ने पाठ्यक्रम तथा शिक्षक निर्देशिका समयमा नै उपलब्ध हुनुपर्ने र शैक्षिक सामग्रीको व्यवस्थापनको लागि छुट्टै कोठाको व्यवस्था हुनुपर्ने सुझावहरू दिनु पर्ने पाइएको छ ।

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | सिफारिस पत्र | i |
| | स्वीकृति पत्र | ii |
| | कृतज्ञता | iii |
| | सोधसार | v |
| | विषय सूची | vii |
| | तालिका सूची | x |

**परिच्छेद एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ७ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्य | ९ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ९ |
| १.६ | अध्ययनको परिसीमा | ९ |
| १.७ | शब्दहरूको परिभाषा | १० |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनारावलोकन तथा सैद्धान्तिक खाका**

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनारावलोकन | ११ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १४ |
| २.३ | अध्ययनको शैक्षिक उपादेयता | १६ |

## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १८

३.२ तथ्याङ्क संकलन प्रकृया १८

३.२.१ जनसंख्या १९

३.२.२ नमूनाको आधार १९

३.२.३ नमूना छनौट विधि १९

३.२.४ नमूना छनौटको आधार १९

३.३ अनुसन्धानको साधन २०

३.४ तथ्याङ्कका स्रोतहरू २०

३.५ तथ्याङ्कको प्रस्तुति, विशलेषण र व्याख्या २१


## परिच्छेद चार : तथ्यांङ्को विश्लेषण र व्याख्या


४.१ शैक्षिक सामग्रीको प्रयोगले सिकाई उपलब्धिमा पारेको प्रभाव २२

४.२ शैक्षिक सामग्री प्रयोग हुन नसक्नुका कारण २५

४.३ शैक्षिक सामग्रीको प्रयोग गर्दा देखिएका समस्याहरूको पहिचान २८

४.४ शैक्षिक सामग्रीको प्रयोग बढाउने उपायहरू ३१


## परिच्छेद पाँच :प्राप्ति, निष्कर्ष र सुझावहरू


५.१ प्राप्ति ३३

५.२ निश्कर्ष ३४

५.३ सुझावहरू ३६

सन्दर्भ सामाग्रिहरू ३८

अनुसूचीहरू

# तालिका सूची

| शीर्षक | पेज नं. |
| --- | --- |
| शैक्षिक सामग्रीको प्रयोगले सिकाइ उपलब्धिमा पारेको प्रभाव | २२ |
| शैक्षिक सामग्रीको प्रयोगले सिकाई उपलब्धिमा असर पारेको तत्त्वहरू | २४ |
| शैक्षिक सामग्रीको प्रयोग हुन नसक्नुको कारणहरू | २५ |
| शैक्षिक सामग्रीको प्रयोगमा असर पार्ने तत्त्वहरू | २७ |
| शैक्षिक सामग्रीको प्रयोग गर्दा देखिएका समस्याहरूको पहिचान | २९ |
| शैक्षिक सामग्रीको प्रयोग बढाउने उपायहरू | ३१ |

## संक्षिप्त शव्दावली

| | |
|---|---|
| गा.वि.स. | गाउँ विकास समिति |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.प्र. | विद्यालय प्रतिवेदन |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शै.सा. | शैक्षिक सामग्री |
| कीाऋ। | क्अजययर्ा ािभबखष्लन ऋभचतषष्अबतभ |